# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रागेचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८३।०८४(शिक्षा)
चलानी नं. २४०

९८६८१०४५३५
टोल फ्रि नं. :१८१०५०००२०५

मिति: २०८३।०५।२२

**विषय: विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा।**

श्री कक्षा ५ र ८ सञ्चालित सामुदायिक विद्यालय सबै,
कुमाख गाउँपालिका, सल्यान।

प्रस्तुत विषयमा शिक्षा विभागको पत्र बमोजिम आगामी शैक्षिक सत्र २०८४ मा सार्वजनिक विद्यालयतर्फ कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ को उपदफा १ को खण्ड (क) बमोजिम चालु शैक्षिक सत्र २०८३ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट यसैसाथ संलग्न रहेको अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयमार्फत् देहायबमोजिम भर्ने भराउने व्यवस्था गर्नु गराउनु हुन जानकारी गराइन्छ।

**१. PMT फाराम भर्ने भराउने प्रकृयाका लागि:**

१.१ PMT फाराम डाउनलोड गरी **२०८३ असोज १७ गते भित्रमा** फाराम भराई IEMIS प्रणालीमा प्रविष्टि गर्नुपर्ने छ।

१.२ उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनु पर्ने छ।

१.३ सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्ने छ।

१.४ सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फाराम प्रधानाध्यापकले रुजु र सही छाप गरी वडा कार्यालयमा प्रमाणीकरणका लागि पेश गर्नुपर्ने छ।

१.५ विद्यालयले माथि उल्लिखित प्रक्रिया पुर्याई विद्यालयमा प्राप्त भएका PMT फारामहरू शिक्षा विभागको वेवसाइट https://emis.cehrd.gov.np मा लगइन गरी सम्पूर्ण सूचकहरू भर्नु भराउनु पर्ने छ।

**२. विद्यालयले IEMIS मा PMT फाराम प्रविष्टि गर्ने प्रक्रिया:**

२.१ शिक्षा विभागको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी Dashboard मा रहेको मेनुमा थिच्नुहोस्।

२.२ PMT मेनुमा थिच्नुहोस्। त्यसपछि वर्षमा २०८३, कक्षामा ५ वा ८ छान्नुहोस्। Load मा थिच्नुहोस्।

२.३ PMT फाराम भरेको विद्यार्थीको नामको दायाँतर्फ रहेको Action मा थिच्नुहोस्। PMT फाराम खुल्छ। तहाँ विद्यार्थीको प्रमाणित PMT फाराममा भरेका विवरण हुबहु भर्नु पर्ने छ।

२.४ PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम र सोको अभिलेख विद्यालयले सुरक्षित राखु पर्ने छ।

२०८३।०५।२२

प्रेम लाल के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-१
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

## सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न भर्नुपर्ने दरखास्त फाराम

**१. अध्ययनरत विद्यालयको IEMIS Code :** ☐☐☐☐☐☐☐☐☐ **२. विद्यार्थीको IEMIS Student ID :** ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ **३. कक्षा :**....

**४. विद्यार्थीको नाम (English, in Capital Letters) :** ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

**५. छात्रा/छात्र :** छात्रा ☐ छात्र ☐ **६. जन्म मिति (वि.सं.)** : साल ☐☐☐☐ महिना ☐☐ गते ☐☐

**७. जाति/जनजाति कोड :** ☐☐☐ (विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड,२०८० को अनुसूची ५ अनुसार) **८. विद्यार्थीको सम्पर्क नम्बर :** ..............................................

**९. राष्ट्रिय परिचयपत्र न.** (विद्यार्थीको) : .............................................. **१०. बुबाको नाम र थर :** ..............................................

**११. आमाको नाम र थर :** .............................................. **१२. सम्पर्क नम्बरः** ..............................................

**१३. विद्यार्थीको घरपरिवार सम्बन्धी विवरण**
- क) जम्मा सदस्य सङ्ख्या ........ जना
- ख) महिला सदस्य सङ्ख्या ........ जना
- ग) पुरुष सदस्य सङ्ख्या ........ जना
- घ) अपाङ्गता भएका सदस्य सङ्ख्या ........ जना
- ङ) अपाङ्गता नभएका सदस्य सङ्ख्या ........ जना

**१४. उमेर समूह अनुसार परिवारका सदस्यहरू**
- क) (०-१८) वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या ........ जना
- ख) (१९-४५) वर्ष उमेर समूहका सदस्य सङ्ख्या ........ जना
- ग) (४६-६४) वर्ष उमेर समूहका सदस्य सङ्ख्या ........ जना
- घ) ६५ वर्षभन्दा माथि उमेर समूहका सदस्य सङ्ख्या ........ जना

**१५. घरमा कोठाहरूको प्रयोगको अवस्था**
- क) भान्सा कोठा ........ ओटा
- ख) चर्पी/स्नान कोठा ........ ओटा
- ग) सुत्ने कोठा ........ ओटा
- घ) बस्ने/खाने कोठा ........ ओटा
- ङ) व्यवसाय चलाएको कोठा ........ ओटा
- च) मिश्रितरूपमा प्रयोग भएको कोठा ........ ओटा
- छ) अन्य ........ ओटा

**१६. परिवारका सदस्यहरूको रोजगारीको स्थिति**
- क) स्वरोजगारमा संलग्न सङ्ख्या ........ जना
- ख) अन्य निजी संस्थामा जागिर गर्ने सङ्ख्या ........ जना
- ग) सरकारी जागिर गर्ने सङ्ख्या ........ जना
- घ) बेरोजगार सङ्ख्या ........ जना

**१७. परिवारका सदस्यहरूको वासस्थान**
- क) आफ्नो घरमा ........ जना
- ख) भाडामा ........ जना
- ग) विदेशमा बस्ने सङ्ख्या ........ जना
- घ) घरबाहिर स्वदेशमा बस्ने सङ्ख्या ........ जना

**१८. विद्यार्थीको घरमुली**
- क) हजुरआमा ☐
- ख) आमा वा काकी ☐
- ग) दिदीबहिनी ☐
- घ) बुबा वा काका ☐
- ङ) दाजुभाइ ☐
- च) अन्य ☐

**१९. गरिब परिवार परिचयपत्र (भएमा)**
गरिब परिवार परिचयपत्र नम्बर : ..............................................
- क) पहेँलो ☐
- ख) हरियो ☐
- ग) निलो ☐
- घ) रातो ☐

**२०. विद्यार्थीको घरमूलीको शैक्षिक अवस्था**
- क) निरक्षर ☐
- ख) साक्षर ☐
- ग) आधारभूत तह (कक्षा ८) पूरा नगरेको ☐
- घ) एसइइ (कक्षा १० सरह) उत्तीर्ण ☐
- ङ) प्रवीणता प्रमाणपत्र तह (कक्षा १२ सरह) उत्तीर्ण ☐
- च) स्नातक, स्नातकोत्तर वा माथिल्लो तह उत्तीर्ण ☐

**२१. घरको फोहोर मैला व्यवस्थापन**
- क) नगरपालिका वा गाउँपालिकाबाट सङ्कलन गरिने ☐
- ख) निजी वा सामुदायिक सङ्कलकले लैजाने ☐
- ग) कतै थुपार्ने गरेको ☐
- घ) डढाउने वा गाड्ने गरेको ☐
- ङ) मलको रूपमा प्रयोग गर्ने गरेको ☐
- च) अन्य ☐

**२२. घरमूलीको वैवाहिक स्थिति**
- क) अविवाहित ☐
- ख) विवाहित ☐
- ग) विधवा वा विदुर ☐
- घ) पारपाचुके भएको वा छुट्टिएको ☐
- ङ) अन्य ☐

**२३. बत्ती बाल्नको लागि मुख्य स्रोत**
- क) गोबर ग्याँस ☐
- ख) मटितेल ☐
- ग) सोलार ☐
- घ) बिजुली ☐
- ङ) अन्य ☐

**२४. घरको बाहिरी गारोमा प्रयोग भएको प्रमुख निर्माण सामग्री**
- क) जस्ता/टिन ☐
- ख) काँचो इँटा ☐
- ग) बाँसजन्य सामाग्री/स्याउला ☐
- घ) माटोको जोडाइ भएको इँटाढुङ्गा ☐
- ङ) सिमेन्टको जोडाइ भएको इँटाढुङ्गा ☐
- च) काठ/फल्याक ☐
- छ) प्रिफ्याब ☐
- ज) अन्य ☐

**२५. घरमा आपूर्ति हुने खानेपानीको मुख्य स्रोत**
- क) धारा/पाइप (घरपरिसर बाहिर) ☐
- ख) धारा/पाइप (घरपरिसर भित्र) ☐
- ग) ट्युबवेल/हाते पम्प ☐
- घ) जार/बोतल ☐
- ङ) ढाकिएको इनार ☐
- च) मूलको धारा ☐
- छ) खुला इनार/कुवा ☐
- ज) नदी/खोला ☐
- झ) अन्य स्रोत ☐

**२६. छानामा प्रयोग भएको निर्माण सामग्री**
- क) खर/पराल/छवाली ☐
- ख) माटो ☐
- ग) जस्ता/टिन/च्यादर ☐
- घ) काठ/फल्याक ढलान सिमेन्ट ☐
- ङ) टायल वा खपेटा वा झिगटी/ढुङ्गा/स्लेट ☐
- च) अन्य ☐

**२७. चर्पी**
- क) फ्लस भएको चर्पी (सेप्टिक ट्याङ्कमा जोडिएको) ☐
- ख) फ्लस भएको चर्पी (सार्वजनिक ढलमा जोडिएको) ☐
- ग) साधारण घरायसी चर्पी ☐
- घ) सामुदायिक/सार्वजनिक चर्पी ☐
- ङ) चर्पी नभएको ☐

**२८. खाना पकाउन प्रयोग गरिएको चुलो**
- क) अगेना ☐
- ख) माटोको चुलो ☐
- ग) धुवाँरहित सुधारिएको चुलो ☐
- घ) स्टोभ चुलो (मटितेल) ☐
- ङ) ग्याँस चुलो ☐
- च) विद्युतीय (इन्डक्सन) चुलो ☐
- छ) अन्य ☐

**२९. गैरखाद्य सम्पत्ति माथिको स्वामित्व**

| | छ | छैन |
|---|---|---|
| क) ल्यापटप | ☐ | ☐ |
| ख) फ्रीज | ☐ | ☐ |
| ग) लुगा धुने वासिङ मेसिन | ☐ | ☐ |
| घ) हिटर अथवा एयरकन्डिसनर | ☐ | ☐ |
| ङ) दुई पाङ्ग्रे सवारी साधन | ☐ | ☐ |
| च) चार पाङ्ग्रे सवारी साधन | ☐ | ☐ |

**३०. आफ्नो घरबाट वडा कार्यालय सम्मको दुरी (किलो मिटरमा लेखे)**
................. कि.मि.

**३१. स्थायी ठेगाना**
- क) प्रदेशको नाम : ..............................................
- ख) जिल्लाको नाम : ..............................................
- ग) स्थानीय तह :
  - अ) गाउँपालिका : ..............................................
  - आ) महा/उपमहा/नगरपालिका : ..............................................
- घ) वार्ड नं : ...........

**३२. अभिभावकको**
- क) नाम : ..............................................
- ख) दस्तखत : ..............................................
- ग) मितिः ..............................................

**३३. सम्बन्धित वडा/स्थानीय तह (प्रमाणित गर्ने)**
- क) दस्तखत : ..............................................
- ख) नाम : ..............................................
- ग) पद : ........................
- घ) मिति : ........................

कार्यालयको छाप

**३४. विद्यालयको**
- क) प्रधानाध्यापकको दस्तखत : ..............................................
- ख) प्रधानाध्यापकको नाम : ..............................................
- ग) मिति : ..............................................

विद्यालयको छाप